# नेपाली मूर्तिकलाका समस्या र समाधान

धर्मराज शाक्य

**विषय-प्रवेश**

नेपाली मूर्तिकलाको विषयमा थाहा नपाउने व्यक्ति शायद विरलै होलान् । यसैले हाम्रो देश नेपाल कला एवम् संस्कृतिका धनी भनी विश्वभरि नै प्रख्यात छ । यही कला र संस्कृतिले नै हाम्रो गरिमा बढाएको छ । नेपालमा कलाको विकासक्रम सँगसँगै ललितकलालाई कलाअन्तर्गत ‘चतु:षष्ठी कला’ अर्थात् ६४ विधामा छुट्टयाइएको पाइन्छ : जस्तै, चित्रकला, मूर्तिकला, नृत्यकला वास्तुकला, वक्तृत्वकला, गायनकला आदिआदि । तर चित्रकला, मूर्तिकला र वास्तुकलालाई नै मुख्यगरी ललितकला मान्ने हाम्रो चलन छ ।

आफ्नो भावनालाई मूर्तिमार्फत अभिव्यक्त गर्नुलाई मूर्तिकला भनिन्छ । यसलाई प्रस्तर, धातु काष्ठ, मृतिका ( माटोको) आदिको माध्यमद्वारा उजागर गरिन्छ । नेपालमा यिनै मूर्तिकलालाई दुई विधामा छुट्टयाइएका छन् ।

यी हुन् :

(क) परम्परागत मूर्तिकला
(ख) समसामयिक मूर्तिकला

परम्परागत मूर्तिकला भन्नाले परम्परादेखि चल्दै आएको मूर्ति बनाउने कला भन्ने बुझिन्छ । यो कला प्राचीनशास्त्रमा आधारित हुन्छ । यसअन्तर्गत पहिलेपहिलेका तान्त्रिक बज्राचार्य, लामा गुरु तथा सिद्ध ऋषिमुनिहरूले ध्यानयोगबाट पत्ता लगाएका देवदेवीका मूर्तिहरू पर्दछन् । यस्ता मूर्तिहरू शास्त्रबाट बाहिर गएर बनाएमा अर्थको अनर्थ हुनजान्छ । त्यसैले परम्परागत मूर्तिकारहरूले शास्त्रहरूको अध्ययन गर्नेतर्फ जोड दिनु नितान्त आवश्यकता पर्छ । तर वर्तमान मूर्तिकारहरूमा अध्ययनको अभावले गर्दा जस्तो पायो त्यस्तो मूर्ति बनाएर पैसा कमाउने मनोवृत्ति बढ्न थालेको भेटिन्छ । यस्ता कार्यले नेपाली परम्परागत मूर्तिकलाको छविलाई दिनानुदिन बदनाम गरिरहेको छ ।

**ऐतिहासिक पृष्ठभूमि**

स्वयम्भू पुराणअनुसार ज्योर्तिरूप श्री स्वयम्भू महाचैत्य दर्शनार्थ महाचीनबाट आएको मञ्जुश्रीले नागदहरूपी सुन्दर जलामय नेपाल उपत्यकाको पानी बाहिर पठाई काठमाडौं उपत्यकालाई मञ्जुपतन नामक एक सुन्दर नगरमा परिणत गरिदिऊन् । नगरको बीचमा कलात्मक सुवर्णद्वार, तोरणहरू भएको बहुमूल्य रत्न जडित राजप्रासाद बनाएका थिए । नगर प्रवेश गर्ने द्वारको दायाँबायाँ द्वारपालस्वरूप महावीरका प्रतीकस्वरूप सिंहका मूर्तिहरू राखिएको कुरा उल्लेख छन् । पछि प्रथम किराँती राजा यलम्बरले किराँतेश्वर महादेवको स्थापना गरे । यसरी नेपालमा मूर्तिकलाको सुरुआत पाषाण युगदेखि नै भएको विश्वास गरिन्छ । त्यस्तै पशुपति आर्यघाटको विरुपाक्ष मूर्ति, ल.पु. च्यासलहिटीको गजलक्ष्मी मूर्ति र किराँत राजमाताको मूर्तिहरू आदि प्राचीन किराँतकालीन उत्कृष्ट मूर्तिहरूमा पर्दछन् ।

नेपालमा मूर्तिकलाको विकास प्राचीनकालदेखि भए तापनि व्यावसायिक रूपमा भने यसको विकास लिच्छविकालदेखि मात्र शुरु भएको देखिन्छ । ऐतिहासिक राजा मानदेव प्रथमद्वारा पाचौं शताब्दीमा बनाउन लगाइएको चाँगुको शिलास्तम्भ, मानविहार एवम् अन्य मूर्तिहरू, शिवदेवद्वारा बनाउन लगाइएका रुद्रवर्ण महाविहार तथा मूर्तिहरू, वालार्चुन देवद्वारा जटाधारी लोकेश्वर मीननाथको मूर्ति र विष्णु गुप्त र भीमार्जुन देवद्वारा निर्माण गर्न लगाइएका बूढानीलकण्ठ नारायणको मूर्तिहरूले लिच्छविकाललाई मूर्तिकलाको स्वर्णयुग नै मानिएको छ । त्यसबेला नेपाली मूर्तिकलाको विकास गर्न अर्चा गोष्ठी नामको एउटा अलग्ग गोष्ठी नै खडा गरिएको थियो । कलाकारहरूलाई यस गोष्ठीअन्तर्गत मूर्ति बनाउने तालिम

दिइन्थ्यो । राजकुमारी भृकुटिको विवाह तिब्बती राजा स्रोङ्चोङ् गम्पोसित हुँदा शाक्यमुनि बुद्ध, मैत्रेय बोधिसत्व र ताराका विशाल मूर्तिहरूको साथै केही नेपाली कलाकारहरू पनि दाइजोको रूपमा दिएर पठाएका थिए ।

मल्लकालमा आएर ललितपुर, भक्तपुर र काठमाडौंका तीन राजाहरूबीच एकले भन्दा अर्कोले राम्रा मूर्तिकलाको सिर्जना गर्न लगाउने प्रतिस्पर्धाको भावनाले गर्दा मूर्तिकलाले अरू फस्टाउने मौका पाएका थिए । यिनै प्रतिस्पर्धाको परिणामस्वरूप पाटनमा कृष्ण मन्दिर, भीमसेन मन्दिर, उमाशङ्कर मन्दिर आदि, भक्तपुरमा न्यातपोल मन्दिर, पचपन्नभ्याले दरबारलगायत अन्य विभिन्न मूर्तिहरू तथा त्यस्तै गरी काठमाडौंमा तलेजु मन्दिर, काल भैरवको मूर्ति र अन्य असङ्ख्य मूर्तिहरू मल्लकालमा बनाइए ।

मल्लकालीन राजाहरू स्वयम् पनि कलाकार हुनुका साथै कलाका पारखी पनि थिए । उदाहरणका लागि पाटनको कृष्ण मन्दिर निर्माण गर्नको निम्ति नक्सा राजा सिद्धिनरसिंह मल्ल स्वयम्ले तयार गरेका थिए । मन्दिर निर्माणको क्रममा कलाकारहरूलाई प्रोत्साहन दिनको निम्ति राजा आफैं भेट्ने गर्दथे । त्यस्तै, भक्तपुरको न्यातपोल मन्दिर निर्माणको लागि राजा भूपतीन्द्र मल्लले मन्दिरको नक्सा डिजाइन आफैले गरेका थिए भने सोही मन्दिरको सिद्धिलक्ष्मीको मूर्ति अरूले नक्कल गरी बनाउन नपाओस् भन्ने अभिप्रायले आफ्नै निगरानीमा बनाउन लगाएका थिए । सोन्हौं शताब्दीतिर पण्डित एवम् कलाकार अभयराज शाक्यले आफ्नो निजी खर्चबाट नौ हजार बुद्धका मूर्तिहरू राखी प्रथमपटक नेपालमा टेराकोटा (ईंटा)बाट शिखर शैलीको महाबौद्ध मन्दिर बनाए । उक्त मन्दिर निर्माण गर्न तीन पुस्ताले पैंतीस वर्ष समय लगाएका थिए । यसका अलावा काठमाडौं उपत्यकाका तीनै शहरमा अनगिन्ती मूर्तिहरू निर्माण भए । यिनै मूर्तिहरू अहिले काठमाडौं उपत्यकामा यत्रतत्र छरिएर रहेका भेटिन्छन् तथा पर्यटकहरूले यसलाई एक किसिमको खुल्ला सङ्ग्रहालयको रूपमा लिने गर्छन् । उचित संरक्षणको अभावमा यिनै मूर्तिहरू बेवारिस अवस्थामा मात्र होइनन्, नष्ट हुने अवस्थामा समेत पुगिसकेका छन् ।

शाहकालमा अत्यधिक समय युद्धमा बिताइए पनि मूर्तिकलाको विकास नभएको होइन । त्रिपुरेश्वरको त्रिपुरासुन्दरी तथा हनुमानढोका अगाडिको शिवपार्वतीका मूर्तिहरू उदाहरणका रूपमा लिन सकिन्छ । तर १०४ वर्ष राणाकालमा दरबारहरू तथा मूर्तिहरू भने विदेशी शैलीमा विदेशमै बनाउन थालिए । यसबाट नेपाली मूर्तिकारहरूलाई ठूलो मर्का पर्न गएको मात्र होइन नेपाली कलाकारहरूको शीपमा ऱ्हास आउने लक्षण देखा पर्न थाल्यो ।

वि.सं २००७ सालपश्चात् नेपाली कला क्षेत्रमा अर्को बज्रपात पर्न थाल्यो । त्यसताका नेपालीहरू भारतको तीर्थयात्रामा जान थाले । फर्कदा ती तीर्थयात्रीहरूले भारतबाट विभिन्न देवदेवीका मूर्तिका फोटो तथा पोष्टरहरू ल्याउन थाले । ती फोटो तथा पोष्टरहरूले नेपाली कलामा नकारात्मक असर पार्न थाल्यो । नेपाल भित्रिएका त्यस्ता फोटो तथा पोष्टरहरूको नक्कल गरी यहाँ भारतीय शैलीमा मूर्तिहरू निर्माण हुन थालेपछि यहाँको मौलिक शैली पनि बिस्तार बिस्तारै लोप हुने अवस्थामा आइपुग्यो । तर वि.सं. २०४६ सालपछि केही कलाप्रेमी शिक्षित नेपाली कलाकारहरूले प्राचीन नेपाली मूर्तिकलाका विभिन्न फोटो एवम् पुस्तकहरू अध्ययन गरी केही हदसम्म भए पनि नेपाली कलामा मौलिकता ल्याउने उद्योगतर्फ लागे । तर सम्बन्धित निकायको बेवास्ताको कारणबाट यस्ता प्रयासले खास परिवर्तन ल्याउन सकेको भने देखिएन ।

## नेपालका केही ख्याति प्राप्त कलाकार

प्राचीनकालदेखि अहिलेसम्ममा आएर कति सङ्ख्यामा मूर्तिहरू सिर्जना भए त्यसको आँकडा भेटिंदैन । यहाँका कतिपय कलाकृतिहरूको स्थापना कालबारे जानकारी दिने तिथिमितिका साथै राजा वा दाताको नाम उल्लेख भएका शिलापत्र ताम्रपत्रहरू प्रशस्त पाइन्छन्, तर बनाउने कलाकारको नाम भने कतै पनि उल्लेख भएको भेटिंदैन । पहिले-पहिले निर्माण भएका त्यस्ता मूर्तिहरूमा कलाकारहरूको नाम उल्लेख नहुनुबाट नेपाली कलाकारहरू उहिले देखि नै शोषित थिए भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । अध्ययन र अनुसन्धान गरी त्यस्ता कलाकारहरूको नाम प्रकाशमा ल्याउन सकेको खण्डमा नेपाली मूर्तिकला क्षेत्रमा अरू ठोस योगदान पुग्नसक्ने कुरामा दुईमत नहोला । यसै सिलसिलामा नेपालको इतिहासलाई उज्ज्वलमय पार्न सफल रहेका केही कलाकारहरूबारे सङ्क्षिप्तमा चर्चा गर्न चाहन्छु ।

कलाकारिताको क्षेत्रमा अरनिको एउटा उदाहरणीय नाम हो । तेऱ्हौं शताब्दीका यी अरनिकोले तत्कालीन चीनका बादशाह कुब्लाय खाँको निमन्त्रणामा ८० जना नेपाली कलाकारहरूको नेतृत्व गरी तिब्बत र चीनमा गई थुप्रै कलाकृतिहरू निर्माण गरे । उनको कलाकारिताबाट प्रभावित भई चीनका बादशाहले यिनलाई उच्च पद प्रदान गरी सम्मान गरे । उनका कृतिहरू अहिलेसम्म पनि तिब्बत तथा चीनमा अवलोकन गर्न सकिन्छ ।

यसरी नै गुणधर्म अर्का उल्लेखनीय व्यक्तित्वका रूपमा लिन सकिन्छ । अरनिकोको समयभन्दा चारसय वर्षअगाडि आठौं शताब्दीमा इन्डोनेसियाको जाभामा निर्माण गरिएको 'बोरोबुदुर' चैत्य यिनै नेपाली कलाकार गुणधर्मले बनाएको कुरा हालै चर्चामा आएको भेटिन्छ । भण्डै स्वयम्भू डाँडाको आधा भाग ओगटेको उक्त चैत्यमा बौद्ध जातकमा आधारित करीब ५ हजार जति तसविर भएको ५ सय ४ वटा भव्य बुद्धमूर्तिहरू राखिएका छन् ।

त्यसैगरी, सोऱ्हौं शताब्दीतिरका एक अर्का मूर्तिकार विजित सिंहको नाम पनि हालै प्रकाशमा आएको छ । तिनले नेपालको सुदूर पश्चिमका बौद्ध गुम्बाहरूमा, शाक्यमुनि बुद्ध, वज्रपाणि, खर्सपाणि सिंह, शार्दूल, ऐरावत र कीर्तिमुखको धातु तथा प्रस्तरका मूर्तिहरू बनाएर गएका थिए । यिनी ललितपुर निवासी थिए । यी महान् कलाकारको स्मृतिमा त्यस गुम्बामा एउटा गुठी नै स्थापना गरिएको छ जुन अद्यापि विद्यमान छ ।

यस्ता कलाकारहरूका पङ्क्तिमा पं. अभयराजको नाम पनि अग्र स्थानमा आउछ । सोऱ्हौं शताब्दीकै यी पण्डित एवम् महान् कलाकार अभयराज शाक्यले ललितपुरमा शिखर शैलीको महाबौद्ध मन्दिर निर्माण गरेका थिए । गुणधर्म, अरनिको, विजित सिंह तथा अभयराज शाक्यको अलावा अरू थुप्रै कलाकारहरूबारे अध्ययन-अनुसन्धान हुनु नितान्त जरुरी छ ।

यसको अर्थ अहिले नेपालमा केही भएकै छैन भन्न खोजिएको होइन । सिद्धिराज शाक्य, (मुनेमराज) शाक्य, हर्षबहादुर शाक्य, बुद्धरत्न बज्राचार्य, मदन पाख्या, उत्तमराज शाक्य तथा कालु कुमालेहरूका नाम वर्तमान कला क्षेत्रमा परम्परागत मूर्तिकारहरूका रूपमा अगाडि देखा पर्छन् । मूर्तिकला क्षेत्रमा यिनीहरूको नाम सिद्धहस्त कलाकारहरूका रूपमा आउँछ । यिनीहरूको उचित कदर तथा संरक्षण हुनु नितान्त जरुरी भइसकेको छ । यदि यिनीहरूलाई उचित सम्मान र संरक्षण दिन सकिएन भने यो देशको निमित्त नै ठूलो क्षति हुन सक्नेछ ।

**नेपाली मूर्तिकलाको समस्या र समाधानहरू :**

तुलनात्मक दृष्टिकोणले हेर्ने हो भने विदेशी मूर्तिकलाको दाँजोमा नेपाली मूर्तिकलाले अन्तर्राष्ट्रिय जगत्‌को हृदय जित्न भने सकिरहेको छैन । उनीहरूको कलाकारिता स्तरीय भए तापनि उच्च प्रविधिको अभावले गर्दा उनीहरू कम समयमा कम मूल्यका मूर्तिहरू निर्माण गर्न सक्दैनन् । नयाँ प्रविधिबारे उनीहरूलाई कम मात्र ज्ञान छ । परिणामस्वरूप एक्काइसौं शताब्दीका नवोदित कलाकारहरू पनि आधुनिक प्रविधियुक्त विदेशी कलाकारहरूसित परम्परागत शैलीमा स्वदेशमा बसेर प्रतिस्पर्धा गरिरहनु परेको छ । वैदेशिक हस्तक्षेपको मारमा परेर यी कलाकारहरू ठाडै मर्कामा परेका छन् । त्यसमाथि आफूसँग भएको परम्परागत शीप तथा प्रविधि सिकाउने परिपाटी नभएबाट एउटा कलाकारको ज्ञान मृत्युपश्चात् उनीसँगै बिलाएर गएको हामी देखिरहेका छौं । अर्थात् एउटा व्यक्तिको मृत्युसँग उसको शीप पनि बिलाएर जानेछ । यस्तो अवस्थामा नेपाली शीपयुक्त प्रविधिहरू लोप भई जानु स्वाभाविक नै हो । अर्को अर्थमा भन्ने हो भने प्रतिष्ठित सिद्धहस्त मूर्तिकारहरूको उचित कदर नहुनु तथा उनीहरूमा भएको ज्ञानलाई जगेर्ना गर्न नसक्नु नेपाली शीप ऱ्हास हुनजानाको प्रमुख कारण मान्न सकिन्छ ।

परम्परागत मूर्तिकलाको अध्यापन हुने कुनै विद्यालय, कलेज वा इन्स्टिच्युट आदिको अभाव यसको अर्को कारण हो । विद्यमान नेपाल अधिराज्यको एउटा मात्र क्याम्पस ललितकला क्याम्पसमा पनि परम्परागत मूर्तिकलालाई कुनै स्थान दिएको देखिँदैन । पहिलेपहिलेजस्तै बिहारहरूमा चूडाकर्मपश्चात् (सोही विहारमा) 'अष्टादश शिल्पविधा' सिकाउने चलन अहिले हराइसकेको छ । यस परम्परामा सर्वोत्कृष्ट एक शिष्यलाई गुरुले आफ्नो उत्तराधिकारी मानी सम्पूर्ण शीप सिकाइन्थ्यो । यसलाई गुरु शिष्य परम्परा भनिन्थ्यो । हाल यो परम्परा पनि नेपालमा लोप भइसकेको छ । फलस्वरूप स्वच्छन्द रूपका मूर्तिकलाले ठूलो विकृति फैलाइरहेको देखिन्छ । उदाहरणको लागि (वीणा समाउन लगाउनुपर्ने सरस्वतीलाई बन्दुक समाउन दिने,

मुण्डमाला लगाउने भगवतीलाई बुद्धको टाउकाको माला लगाउनेजस्ता विकृतिहरू ल्याइराखेका छन् । सम्बन्धित निकायले यसलाई समयमै रोकथाम गर्न नसके यसले नेपाली मूर्तिकला क्षेत्रको ठूलो बद्नाम हुँदै जाने छ । यसमा शायद दुईमत नहोला ।

परम्परागत नेपाली मूर्तिहरू निर्माण गर्न कच्चा पदार्थहरूको आवश्यक पर्छ । यस्ता पदार्थहरू स्वदेशमै प्राप्त हुने भए तापनि श्री ५ को सरकारको स्पष्ट नीति नभएकोले नेपाली कलाकारहरू हतोत्साही हुनु परेको छ । प्रस्तर मूर्तिकारको निम्ति स्वदेशमा नै कच्चा पदार्थ उपलब्ध हुनसक्ने भए तापनि विभिन्न विभाग तथा निकायहरूबाट भइरहने बाधा अड्चन आदिले समयमा ढुङ्गा उपलब्ध नहुने, मूर्ति बनाउने ढुङ्गाहरू घर निर्माण गर्दा जगमा प्रयोग गर्ने इत्यादि उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्तै, काष्ठ मूर्तिकारहरूको निम्ति असलखालको काठ नपाउनु, धातुकलाको निम्ति धातु समयमा नै नपाउनु, धातु पगाल्दा नाप्ने तापमापक यन्त्र तथा उचित ल्याब नहुनु आदि केही विद्यमान समस्याहरू हुन् । यस्ता समस्याहरू हुँदाहुँदै पनि नेपाली मूर्तिकारहरू रत्तिभर हतोत्साही नभई आफ्नो गन्तव्यतर्फ अगाडि बढ्दै छन् ।

समष्टिमा भन्ने हो भने यी समस्याहरू समाधान गरी मूर्तिकलाको विकास गर्ने नै हो भने श्री ५ को सरकारका सम्बन्धित निकायहरू, ने.रा.प्र.प्र. तथा सम्बन्धित विशेषज्ञहरूको छनोटका साथ छलफल गरी त्यसबाट निस्केका सुझाव तथा सल्लाहलाई कार्यान्वयन गर्ने नीति अवलम्बन भएमा मात्र नेपाली मूर्तिकलाको विकास हुने सम्भव देखापर्छ । अन्यथा यसको भविष्य दिन प्रतिदिन अन्धकारमै रुमलिरहेको चर्चा गर्दा अत्युक्ति नहोला